# इन्टर्नेट (Internet) तथा इ-मेल (Email) सेवा संचालन सम्वन्धी
# विशेष निर्देशिका

## १. उद्देश्य :-

इलेक्ट्रोनिक माध्यमबाट पत्राचार एवं सुचना (लिखित सामाग्री) आदान प्रदान गर्ने तथा सुचनाहरु संचय गरी चाहिएको बखत प्राप्त गर्न सक्ने सूविधा प्रदान गर्न यो इन्टर्नेट/इ-मेल/फ्याक्स मेल सेवा दुरसंचारको अन्य अतिरिक्त सेवामा वर्गिकृत भएको छ । विश्वभर व्यापक रुपमा प्रयोगमा रहेको यो सेवा नेपालमा सिमित मात्रामा मात्र संचालन भई रहेकोले सेवा उपभोग गर्न चाहनेहरुको लागि सर्वसूलभ हून सक्ने गरी यो सेवाको विकास एवं विस्तार गर्दै जाने उद्देश्य राखी सेवा संचालन गर्न चाहने जो सूकैले जूनसूकै बखत अनूमतिपत्र प्राप्त गर्नको लागि नेपाल दुरसंचार प्राधिकरण समक्ष दरखास्त पेश गर्न सक्ने व्यवस्था गरिएको छ ।

## २. इन्टर्नेट (इ-मेल सहित), इ-मेल, फ्याक्स मेल सेवा :-

इन्टर्नेट, इ-मेल, तथा फ्याक्स मेल सेवा निम्न दूई प्रक्रियाबाट संचालन गर्न सकिनेछ ।
(क) सिधा अन्तर्राष्ट्रिय सम्पर्क कायम हून सक्ने गरी सेवा संचालन गर्न ।
(ख) सिधा अन्तर्राष्ट्रिय सम्पर्क कायम हून सक्ने गरी सेवा संचालन गर्न अनूमति प्राप्त गरेका इन्टर्नेट सेवा प्रदायकबाट Internet bandwidth लिई सेवा संचालन गर्न ।

## ३. अनुमतिपत्र लिनु पर्ने :-

दफा २ मा उल्लेख भए वमोजिम कूनै पनि प्रकारबाट Internet सेवा संचालन गर्न इच्छूक व्यक्ति वा फर्मले प्राधिकरणँबाट अनूमतिपत्र प्राप्त गरी सेवा संचालन गर्न सकिनेछ ।

## ४. इन्टर्नेट (इ-मेल सहित) अथवा इ(मेल सेवा संचालकको लागि निर्देशन :-

### ४.१ निवेदन साथ पेश गर्नु पर्ने विवरणहरु :-

सेवा संचालन गर्न चाहनेहरुले अनूमतिपत्रको लागि निवेदन पेश गर्दा निम्न विवरँहरु अनिवार्य रुपले संलग्न गर्नू पर्नेछ :-

४.१.१ दुरसंचारका अन्य अतिरिक्त सेवा संचालन गर्नेहरुको लागि प्राधिकरणबाट प्रकाशित सामान्य निर्देशिकामा उल्लेखित सम्पूर्ण विवरणहरुका साथै सो मा उल्लेखित निवेदन फारम भरी रित पुर्वक दरखास्त पेश गर्नू पर्नेछ ।

४.१.२ संचालन गर्न चाहेको सेवाको किसिम प्रष्ट रुपले खूलाएको हूनू पर्दछ ।

४.१.३ सेवा प्रदान गरे वापत ग्राहकसंग लिइने महशूल (tarrif) मूख्यत डिपोजिट, मासिक शूल्क (प्रति मिनेट वा प्रति किलो वाइट) दर तथा छूट (Discount) को व्यवस्था भए सो समेत खूलाएको हूनू पर्नेछ ।

४.१.३ सेवा प्रदान गर्दा प्रयोग गरिने माध्यम (dial up, Modem, leased Line) के हो सो स्पष्ट खूलाईएको हूनू पर्दछ ।

४.१.४ अन्य नेटवर्कसंग आवद्ध हूने स्थान, तरिका र प्रविधि (VSAT, Leased Line) खूलाएको हूनू पर्दछ ।

४.१.५ रेडियो फ्रिक्वेन्सी प्रयोग गरी सेवा संचालन गरिने भएमा प्रयोग गरिने फ्रिक्वेन्सी र व्याण्ड उल्लेख गर्नू पर्नेछ ।

४.१.६ Internet Bandwidth लिएर सेवा संचालन गर्न चाहनेले कून सेवा प्रदायकबाट Bandwidth लिने हो सो को विवरण यस सम्वन्धमा भएको द्विपक्षिय सम्झौताको प्रतिलिपि पेश गर्नू पर्नेछ ।

४.२ माथि दफा ३.१ अन्तर्गत उल्लेख गरिएका विवरणहरु सहितको दरर्खास्त प्राप्त हून आएपछि सोको मूल्यांकन गरी उपयूक्त देखिएमा अनूमतिपत्र दस्तूर बूझाउन प्राधिकरणले निवेदकलाई सुचना गर्नेछ र तोकिएको दस्तूर प्राप्त हूनासाथ अनूमतिपत्र प्रदान गर्नेछ ।

## ४.३ इन्टर्नेट/इ-मेल सेवा संचालकले पालना गर्नु पर्ने शर्तहरु :-

४.३.१ अनूमतिपत्रमा उल्लेखित शर्तको अधिनमा रहि सेवा संचालन गर्नू पर्नेछ ।

४.३.२ सेवा प्रदान गरे वापत ग्राहकसंग लिइने सेवा शूल्क वारेमा प्राधिकरण्बाट तोकिएको अधिकत्तम दर भन्दा बढि शूल्क लिन पाइने छैन ।

४.३.३ अनूमतिपत्रमा तोकिए वमोजिमको गणस्तरको सेवा चौविसै घण्टा उपलब्ध गराउनू पर्नेछ ।

४.३.४ प्रचलित नियम कानुनको परिधिभित्र रहि कार्य गर्नू पर्नेछ ।

४.३.५ सबै ग्राहकलाई समान सेवा शर्तहरु लागू गर्नू पर्नेछ र स्वस्थ प्रतिस्पर्धात्मक वातावरणलाई असर नपर्ने गरी सेवा संचालन गर्नू पर्नेछ ।

४.३.६ सेवा संचालनबाट भएको कुल वार्षिक आयको द्ध प्रतिशत रकम रोयल्टी वापत प्रत्येक वर्ष श्री ५ को सरकारमा बूझाउनू पर्नेछ ।

४.३.७ सेवा संचालनबाट भएको कुल वार्षिक आयको ६ प्रतिशत रकम प्राधिकरणँले खडा गरेको ग्रामिणँ दुरसंचार विकाश कोषमा वार्षिक रुपमा बूझाउनू पर्नेछ ।

४.३.८ श्री ५ को सरकारलाई वूझाउनू पर्ने अन्य कर, भन्सार इत्यादी नियमानूसार वूझाउनू पर्नेछ ।

४.३.९ रेडियो फ्रिक्वेन्सी प्रयोग गर्ने भएमा रेडियो ऐन, २०१४ अनूसार छुट्टै अनूमतिपत्र लिनू पर्नेछ ।

४.३.१० यो सेवाबाट आधारभुत टेलिफोन (Voice telephone) सेवा संचालन गर्न पाइने छैन र यो सेवालाई देश भित्र वा वाहिर पब्लिक स्विच टेलिफोन नेटवर्क (PSTN) संग आवद्ध गर्न पाइने छैन ।

४.३.११ अनूमतिपत्रको अवधी ५ वर्षको हूनेछ । उक्त अवधि उप्रान्त पनि सेवा संचालन कायम नै राख्न चाहेमा अनूमतिपत्रको अवधि समाप्त हूनू अगावै अनूमतिपत्रको नविकरणको लागि प्राधिकरण समक्ष निवेदन पेश हून आएमा तोकिए वमोजिमको नविकरण दस्तूर लिई अर्को ५ वर्षको लागि प्राधिकरणले अनूमतिपत्र नविकरण गर्न सक्नेछ ।

४.३.१२ अश्लील, उत्तेजनात्मक एवं समाजमा विकृति फैलाउने तथा राष्ट्रिय हितमा बाधा पुर्‍याउने खालका दृष्य, चित्र, लेख जस्ता सामाग्रीहरु इन्टर्नेट मार्फत प्राप्त गर्न तथा प्रसार गर्न समेत नपाउने व्यवस्था सेवा संचालकले गर्नू पर्नेछ ।

४.३.१३ सेवा संचालन सम्वन्धमा प्राधिकरणबाट समय समयमा दिएको निर्देशनको पालना गर्नू पर्नेछ ।

# ५. सेवा पुनः बिक्रि (Resale) गर्ने सम्वन्धमा निर्देशन :-

५.१ इन्टर्नेट इ-मेल सेवा संचालन गर्न अनूमतिपत्र प्राप्त सेवा प्रदायकले यो सेवालाई देहाय बमोजिमको व्यवस्था गरि सेवा पूनः विक्रि (Resale) गर्न गराउन सक्नेछ ।

(क) सर्वसाधारणँले प्रयोग गर्न सक्ने गरी पि.सि.ओ स्थापना गरेर वा गर्न लगाएर ।

(ख) वहू संख्यक प्रयोगको रुपमा प्रयोग गर्न सक्ने गरी टेलिसेन्टर, साइवर क्याफे, होटेल, पूस्तकालय, शिक्षण संस्था, औद्योगिक प्रतिष्ठान जस्ता सामूदायिक केन्द्रहरुमा Modem, Dial up वा Leased Circuit को Internet bandwidth प्रदान गरेर ।

## ५.२ सेवा पुनः विक्रि (Resale) गर्दा गराउंदा सेवा प्रदायकले पालना गर्नु पर्ने शर्तहरु :-

५.२.१ Resale प्रयोजनको लागि माथि दफा ५.१ वमोजिमको व्यवस्था गरी सेवा संचालन गर्दा गराउंदा त्यस्तो सेवा संचालन गरिने केन्द्रहरुको सुची तथा त्यसरी सेवा संचालन गरिने सम्वन्धमा सेवा प्रदायक र Reseller विच भएको सम्झौताको प्रतिलिपि सेवा प्रदायकले प्राधिकरणँ समक्ष पेश गर्नू पर्नेछ ।

५.२.२ Resale प्रयोजनको लागि माथि दफा ५.१ को उपदफा (क) र (ख) वमोजिमको व्यवस्था गरी सेवा उपलव्ध गराउंदा सेवा केन्द्रको कम्पाउण्ड भित्रबाट मात्र सेवाको प्रयोग हून सक्ने गरी सिमितता कायम राख्नू पर्नेछ । उदाहरणत कूनै एक साइवर क्याफे अथवा कूनै एक होटल मा Resale प्रयोजनको लागि सेवाको व्यवस्था गर्न प्रदान गरिएको नेटवर्क उक्त साइवर क्याफे अथवा होटलको कम्पाउण्ड भन्दा वाहिर विस्तार गर्न पाइने छैन ।

५.२.३ Resale प्रयोजनको लागि यस निर्देशिका अनूसार Resale गरिएको सेवाको गूणस्तर कायम राखी सेवा संचालन गर्ने गराउने दायित्व सेवा प्रदायक कै हूनेछ ।

५.२.४ पूनः विक्रि (Resale) गरिएको सेवा प्रयोग गर्ने प्रयोगकर्ताबाट असूल गरिने सेवा शूल्क इन्टर्नेट तथा इ-मेल सेवा प्रदायकहरुले नेपाल दुरसंचार प्राधिकरणबाट प्राप्त गरेको अनूमतिपत्रमा तोकिएको सेवा शूल्क दर रेटमा नवढाई वा सेवा प्रदायकहरुले समय समयमा घटाइएको दर रेटमा नबढने गरि ग्राहकलाई सेवा उपलव्ध गराउने दायित्व सेवा प्रदायककै हूनेछ ।